# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको स्वत प्रकाशन विवरण ।




## स्वत प्रकाशन मिति : २०८३/०४/१२ गते

## स्वत प्रकाशन गरेको समयावधि : (बैशाख, जेष्ठ, आषाढ, २०८३)

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

प्रदेश अस्पताल

बेनी, म्याग्दी, नेपाल

# विषयसुची


| क्र.स | बिवरण | पेज नं |
|---|---|---|
| १ | अस्पतालको स्वरुप र प्रकृति | ३ |
| २ | अस्पतालको काम, कर्तव्य र उदेश्य | ४ |
| ३ | अस्पतालमा रहने शैया र कर्मचारी विवरण | ५-६ |
| ४ | अस्पतालको हाल सञ्चालित शैया विवरण | ७ |
| ५ | अस्पताल व्यवस्थापन समितिको स्वीकृत दरबन्दी | ८ |
| ६ | अस्पतालबाट प्रदान गरिने सेवा | ९ |
| ७ | कार्यालय समय सम्बन्धित विवरण | १० |
| ८ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | ११-१४ |
| ९ | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधी - नागरिक वडापत्र अनुसार | १५-२० |
| १० | न्युनतम सेवा मापदण्डको विवरण | २१ |
| ११ | विशेष रुपमा शाखा प्रमुखको जिम्मेवारी | २३ |
| १२ | सुचना अधिकारी र गुनासो सुन्ने अधिकारीको नाम र पद | २३ |
| १३ | सम्पादन गरेको कामको बिवरण | २३-२४ |
| १४ | प्रवाह गरेको सेवाको बिवरण | २५-२६ |
| १५ | ऐन, नियम, विनियम र निर्देशिकाको सूची | २७ |

# १.अस्पतालको स्वरुप र प्रकृति

स्वास्थ्य सेवा मानवका लागि अत्यावश्यक सेवा हो । स्वास्थ्य सेवा जनस्तरमा सुगम, सुनिश्चित, पारदर्शी एंव सर्वसुलभ ढंगबाट उपलब्ध गराउनु राज्यको कर्तव्य हो । गण्डकी प्रदेशको म्याग्दी जिल्लामा वि.सं. २०५२ सालमा बेनी हेल्थ सेन्टरको रुपमा यस अस्पतालको सुरुवात गरिएको थियो । पछि २०६३ साल देखि यो अस्पतालले म्याग्दी जिल्ला अस्पतालको रुपमा आफ्नो सेवा सञ्चालन गरेको थियो । आधुनिक एंव परम्परागत स्वास्थ्य उपचार पद्दतिको प्रवर्धन र विकास गरि आम नागरिकहरुको शारिरीक एंव मानसिक स्वास्थ्य अभिवृद्दि गर्ने, रोगहरुको प्रभावकारी ढंगबाट रोकथाम गर्ने र उपचारको समुचित व्यवस्था मिलाउने, निति निर्माण गर्ने, गैरसरकारी संघसंस्था एंव निजी क्षेत्रको संलग्नता गराई स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन गरी गराई आमजनताको जिवनस्तरमा सकरात्मक परिर्वतन ल्याउनु स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको उद्देश्य रहेको छ । यसै उद्देश्य अनुरुप स्वास्थ्य सेवालाई विकास र विस्तार गर्ने क्रममा म्याग्दी जिल्ला अस्पताललाई स्तरोन्नती गरी २०७२ देखि प्रदेश अस्पताल, बेनीको रुपमा स्तरोन्नती गरी ५० बेड सहित सेवाको सुरुवात गरिएको यस अस्पतालको हालको क्षमता ६९ शैया रहेको छ । यस अस्पतालबाट म्याग्दी जिल्ला मात्र नभई चारवटै जिल्ला पर्वत, म्याग्दी, मुस्ताङ र बागलुङका करिब ६ लाख मानिसहरु लाभान्वीत हुने अपेक्षा गरिएको छ ।

यस प्रदेश अस्पताल, बेनीमा हाल १ जना प्रमुख मेडिकल सुपरिटेन्डेन्ट सहित ९ जना विशेषज्ञ डाक्टरहरुको दरबन्दी रहेको छ । त्यस्तै मेडिकल अधिकृत, नर्सिङ, ल्याब, रेडियोलोजी र अन्य गरी कुल ५९ जनाको नेपाल सरकारको दरबन्दी रहेको छ । अस्पतालको सेवालाई प्रभावकारी बनाउन स्थानीय तहमा अस्पताल विकास समितीबाट पनि विभिन्न तहका गरी कुल ४७ जना कार्यरत रहेका छन् । साथै नेपाल सरकारबाट करार सेवामा केहि मेडिकल अफिसर तथा बिशेषज्ञ चिकित्सक खटाइएकोले सेवामा बिस्तार गरी Major Operation सेवा हरु संचालन गरीएका छन ।

सरकारी दरबन्दीमा बिशेषज्ञ चिकित्सक पुर्ण नहुँदा यस अस्पतालबाट बिशेषज्ञ सेवा प्रदान गर्न कठिनाई भैरहेको छ । अस्पतालमा चौबिस घन्टा नियमित इमरजेन्सी सेवा, बहिरंग र अन्तरंग सेवा सँगसँगै प्रसुती, ल्याब रेडियोलोजी, अल्ट्रासाउन्ड सेवाहरु संचालनमा छन् । यसको साथै यस अस्पतालमा एच.आइ.भि. संक्रमितहरुको लागि निःशुल्क रक्त परिक्षण, सल्लाह र परार्मश सेवा साथै एड्स लागेका मानिसहरुलाई निःशुल्क औषधी ए.आर.टी. सुविधा पनि रहेको छ । नेपाल सरकारको नयाँ कार्यक्रम अस्पतालमा आधारित लैङ्गिक हिसां सम्बन्धी एकद्धार संकट व्यवस्थापन केन्द्र पनि यस अस्पतालमा संचालित छ जसमा लैङ्गिक हिसांबाट पिडित मानिसहरुले निःशुल्क स्वास्थ्य साथै मनोसामाजिक मनोविर्मश सेवा प्राप्त गरी कानुनी उपचारको लागि थप सल्लाह र सहयोग प्राप्त गर्न सक्दछन् । यस अस्पताल लाई प्रकोप जन्य रोगहरुको ... WARS Sentinel Site)

को रुपमा समेत बिकास गरी नियमित प्रतिबेदन गरीएको छ। अस्पतालमा अस्पताल फार्मेसी सन्चालन गरीएको छ जसबाट २४ सै घण्टा सस्तोदरमा औषधी उपलब्ध भएको छ । साथै अस्पतालमा नियमितरुपमा डायलाईसिस सेवा उपलब्ध गराइएको छ ।

यसरी दुर्गम र पिछडिएका समुदायहरुको बाहुल्यता रहेको यस प्रदेश अस्पताल, बेनीको विशेषज्ञ सेवा सहितको यस अस्पतालमा हाल भवन निर्माणको क्रममा रहेको साथै विशेषज्ञ चिकित्सकको दरवन्दीहरु रिक्त रहेको अवस्थामा उपयुक्त मेडिकल उपकरणको उपलब्धता साथै दरबन्दी अनुसारको जनशक्ति पुरा हुनुपर्ने देखिन्छ । जसबाट स्थानियस्तरमा नै गरिब विपन्न एंव स्वास्थ्यको पहुँच पुग्न नसकेका जनताहरुले स्वास्थ्य उपचारको मौलिक हक प्राप्त गर्न सक्नेछन् र नेपाल सरकार बाट ल्याइएको स्वास्थ्य नीति लागु गर्न थप सहयोग पुग्नेछ।

## २. अस्पतालको काम, कर्तव्य/उदेश्यहरु :

- समाजका सबै वर्गलाई गुणस्तरिय सर्व सुलभ र समान पहुँचका साथ स्वास्थ्य सेवा पुयाउने
- अस्पतालमा रहेका विभिन्न विभागहरुमा हुने गतिविधिलाई समन्वय गरी थप मजबुत गर्ने,
- अस्पताललाई चाहिने विभिन्न दरबन्दी र जनशक्तिको यथेष्ठतालाई सुनिश्चित गर्ने,
- अस्पताललाई विविध व्यवस्थापनलाई थप मजबुत र सुदृढिकरण गर्ने,
- सुचनाको हक र अधिकारलाई महत्व र प्राथमिकता दिइने,
- अस्पतालमा हुने क्लिनिकल गतिविधिलाई मध्यनजरलाई गरी स्वास्थ्यकर्मीलाई प्रोत्साहन मिल्ने गतिविधि गर्ने र थप नयाँ सेवा सुचारु गर्ने,
- अस्पताललाई विभिन्न संघ संस्था र व्यक्तिबाट प्राप्त हुने अनुदान तथा सहयोगको लागी समन्वयकारी भूमिका निर्वाह गर्ने,
- जिल्लामै नविनतम र सम्पूर्ण सुविधा भएको क वर्गको एम्बुलेन्स ब्यवस्था गर्ने ।

| प्रदेश अस्पताल, बेनी, म्याग्दीमा कार्यरत स्थायी कर्मचारी विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सि. न. | तह/ श्रेणी | सेवा | समुह | उप समुह | पद | स्वीकृत दरवन्दी | कार्यरत | रिक्त |
| १ | *११* | स्वास्थ्य | मे.ज. | – | *प्र.मे.सु* | १ | **हाल अध्ययन बिदामा** | |
| २ | *९/१०* | स्वास्थ्य | पेडियाट्रिक्स | पेडियाट्रिक्स मेडिसिन | व.क/. पेडियाट्रिक्स मेडिसिन | १ | ***करारमा कार्यरत*** | |
| ३ | *९/१०* | स्वास्थ्य | अब्स्टेट्रिक तथा गाइनोकोलोजी | – | व.क./ अब्स्टेट्रिक अब्ब तथा गाइनो | १ | | ***रिक्त*** |
| ४ | *९/१०* | स्वास्थ्य | सर्जरी | जनरल सर्जरी | व.क./क.सर्जन | १ | | ***रिक्त*** |
| ५ | *९/१०* | स्वास्थ्य | सर्जरी | अर्थोपेडिक सर्जरी | व.क./क.अर्थो सर्जन | १ | ***कार्यरत*** | |
| ६ | *९/१०* | स्वास्थ्य | साइक्याट्रि | – | व.क./क.साइक्याट्रिष्ट | १ | ***कार्यरत*** | |
| ७ | *९/१०* | स्वास्थ्य | एनेस्थेलियोलोजी | – | व.क./ एनेस्थेलियोलोजीष्ट | १ | | ***रिक्त*** |
| ८ | *९/१०* | स्वास्थ्य | मेडिसिन | मेडिसिन | व.क./क.जनरल फिजिसियन | १ | | ***रिक्त*** |
| ९ | *९/१०* | स्वास्थ्य | मेडिसिन | रेडियो डाइग्नोसिस | व.क./क.रेडियोलोजिष्ट | १ | | ***रिक्त*** |
| १० | *८* | स्वास्थ्य | ज.हे.स. | – | मेडिकल अधिकृत | ४ | ***२ जना स्थायी र २ जना करारमा कार्यरत*** | |
| ११ | *८* | स्वास्थ्य | डेण्टिष्ट्री | ज.हे.स | डेन्टल सर्जन | १ | ***करारमा कार्यरत*** | |
| १२ | *७/८* | स्वास्थ्य | फिजियोथेरापी | – | व/ फिजियोथेरापीष्ट | १ | ***कार्यरत*** | |
| १३ | *७/८* | स्वास्थ्य | मे.ल्या.टे. | – | व./मे.ल्या.टेक्नोलोजिष्ट | १ | ***कार्यरत*** | |
| १४ | *७/८* | स्वास्थ्य | नर्सिङ्ग | जनरल नर्सिङ्ग | नर्सिङ्ग अधिकृत/व.न.अ. | १ | | ***रिक्त*** |
| १५ | *रापअनं प्रथम* | प्रशासन | सा.प्र | – | बरिष्ठ प्रशासन सहायक | १ | ***कार्यरत*** | |
| १६ | *रापअनं प्रथम* | प्रशासन | लेखा | – | बरिष्ठ लेखा सहायक | १ | ***कार्यरत*** | |
| १७ | *रापअनं प्रथम* | प्रशासन | विविध | – | कम्प्यूटर अपरेटर | १ | ***करारमा कार्यरत*** | |
| १८ | *५/६/७* | स्वास्थ्य | मे.ल्या.टें. | – | ल्याटे/ल्याटे निरिक्षक | ३ | ***कार्यरत*** | |
| १९ | *५/६/७* | स्वास्थ्य | रेकर्डस | – | मे.रे. सु./मे.रे अधिकृत | १ | ***काज, पद्रेश अस्पताल,पर्वतमा*** | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २० | *५/६/७* | स्वास्थ्य | नर्सिङ्ग | जनरल नर्सिङ्ग | स्टाफ नर्स/अ.नि./व.अ.नि | ६ | ***५ जना कार्यरत*** | ***रिक्त*** |
| २१ | *५/६/७* | स्वास्थ्य | विविध | – | डेन्टल हाइजिनिष्ट | १ | ***करारमा कार्यरत*** | |
| २२ | *५/६/७* | स्वास्थ्य | हे.ई | – | हेल्थ असिष्टेन्ट | ५ | ***कार्यरत ५ जना*** | |
| २३ | *५/६/७* | स्वास्थ्य | फार्मेसी | – | फार्मेसी सहायक/फा.नि./फा.अ | १ | ***कार्यरत*** | |
| २४ | *५/६/७* | स्वास्थ्य | रेडियोग्राफी | | रेडियोग्राफर/रे.ग्रा.नि./ व.रे.ग्रा.निरिक्षक | १ | ***करारमा कार्यरत*** | |
| २५ | *५/६/७* | स्वास्थ्य | | | बायोमेडिकल टेक्निसियन | १ | ***करारमा कार्यरत*** | |
| २६ | *५/६/७* | स्वास्थ्य | | | एनेस्थेसिया असिष्टेण्ट | १ | ***करारमा कार्यरत*** | |
| २७ | *रापअनं प्रथम* | प्रशासन | सा.प्र. | – | सहायक चौथो | १ | | ***रिक्त*** |
| २८ | *४/५/६* | स्वास्थ्य | मे.ल्या.टे. | – | ल्याव असिष्टेन्ट/ल्या. निरिक्षक | १ | ***कार्यरत*** | |
| २९ | *४/५/६* | स्वास्थ्य | क नर्सिङ्ग | – | अ.न.मि./सि.अ..न.मी/ सि.अ.न.मि. अधिकृत | ५ | ***कार्यरत ४ जना*** | ***१ वटा पद रिक्त*** |
| ३० | *विविध* | ईन्जी | मेका ईन्जी | – | सवारी चालक | १ | ***करारमा कार्यरत*** | |
| ३१ | *श्रेणी विहिन* | प्रशासन | सा.प्र. | – | कार्यालय सहयोगी वा सो सरह | ११ | ***करारमा कार्यरत*** | |
| ***जम्मा*** | | | | | | **५९** | | |

## Government of Gandaki Province
## Ministry of Health
## Province Hospital
## Beni, Myagdi

| S.N. | Department/Ward | Sub-ward | Bed No. | Remarks |
|---|---|---|---|---|
| | | Sanctioned Beds (Government)=50 | | |
| 1 | | Red Zone | 2 | |
| 2 | | Green Zone | 4 | |
| 3 | | Yellow Zone | 3 | |
| 4 | Emergency (13) | Black Zone & Othes | 4 | |
| 5 | | Postnatal(Post-Labour) Ward | 7 | |
| 6 | | Postoperative Ward | 4 | |
| 7 | | Gyanecology Ward | 2 | |
| 8 | | Pre-labour Ward | 3 | |
| 9 | Maternity (19) | SNCU Ward | 3 | |
| 10 | | Medical | 16(8M&8F) | |
| 11 | | Pediatrics | 5 | |
| 12 | | Surgical | 7(4M&3F) | |
| 13 | | Isolation | 2 | |
| 14 | General Ward(34) | Geriatrics | 4 | |
| 15 | Dialysis (8) | | 8 | |
| | Total | | 74 | |

# अस्पताल व्यबस्थापन समितिबाट स्वीकृत दरबन्दी

| क्र.सं. | पद | तह | समितिको स्वीकृत दरबन्दी |
|---|---|---|---|
| १ | क.मे.ज./ MDGP | ९ | १ |
| २ | कन्सल्टेण्ट पेडियाट्रिसियन | ९ | १ |
| ३ | कन्सल्टेण्ट अब्स्टेट्रिसियन एण्ड गाइनोकोलोजिष्ट | ९ | १ |
| ४ | मेडिकल अधिकृत | ८ | २ |
| ५ | डेन्टल सर्जन | ८ | १ |
| ६ | फिजियोथेरापिष्ट | ७ | १ |
| ७ | मेडिकल ल्याव टेक्नोलोजिष्ट | ७ | १ |
| ८ | फार्मेसी अधिकृत | ७ | १ |
| ९ | स्टाफ नर्स | ५ | ५ |
| १० | हेल्थ असिष्टेन्ट | ५ | ४ |
| ११ | फार्मेसी सहायक | ५ | ३ |
| १२ | नेत्र सहायक | ५ | १ |
| १३ | ल्याब टेक्निसियन | ५ | २ |
| १४ | रेडियोग्राफर | ५ | १ |
| १५ | लेखापाल/ सहायक | ५ | १ |
| १६ | बायोमेडिकल टेक्निसियन | ५ | १ |
| १७ | फिजियोथेरापी सहायक | ५ | १ |
| १८ | एनेस्थेटिक सहायक/एसिस्टेन्ट | ५ | १ |
| १९ | कम्प्युटर अपरेटर/रिसेप्सनिस्ट | ४ | ७ |
| २० | ल्याव असिष्टेन्ट | ४ | ३ |
| २१ | इलेक्ट्रिसियन | ४ | १ |
| २२ | अ.हे.ब. | ४ | ८ |
| २३ | अ.न.मी. | ४ | ४ |
| २४ | कार्यालय सहयोगी | श्रेणी विहिन | १२ |
| २५ | ह. स. चा. | श्रेणी विहिन | १ |
| २६ | सरसफाई कर्मी | श्रेणी विहिन | ५ |
| २७ | सुरक्षाकर्मी | श्रेणी विहिन | ३ |
| | **जम्मा** | | ७३ |

## ४.अस्पतालबाट प्रदान गरिने सेवाहरु

१. विशेषज्ञ सहितको ओ.पि.डि सेवाहरु (स्त्री तथा प्रसुती रोग, हाडजोर्नी तथा नशा रोग, मानसिक रोग, जनरल सर्जरी, बालरोग, आँखा रोग, र जेष्ठ नागरीक ओ. पि. डि. सेवा ।

२. आकस्मिक सेवा चौविसै घण्टा ।

३. प्रयोगशाला सेवा (Microbiology, Biochemistry, Hematology ) चौविसै घण्टा ।

४. डिजिटल एक्स - रे सेवा चौविसै घण्टा ।

५. सुरक्षित गर्भपतन सेवा ।

६. सुरक्षित मातृत्व सेवा ( प्रसुति प्रतिक्षा गृह, गर्भवति जाँच, अपरेशन सेवा, परिवार नियोजन सेवा ) ।

७. DOTS/ कुष्ठरोग सेवा ।

८. ART/HIV Counseling सेवा ।

९. डेण्टल सेवा ।

१०. अन्तरङ्ग सेवा ( विरामी भर्ना तथा उपचार- स्त्री तथा प्रसुती रोग, हाडजोर्नी तथा नशा रोग, मानसिक रोग, जर्नरल सर्जरी, जनरल मेडिसिन, बालरोग जेष्ठ नागरीक लगायत )।

११. Special Neonatal Care Unit (SNCU) सेवा ।

१२. USG, ECG सेवा ।

१३. फिजियोथेरापी सेवा ।

१४. अप्रेशन सेवाहरु ( सिजेरियन डेलीभरी, जनरल सर्जरी, अर्थोपेडिक र स्त्री-रोग अपरेशन सेवा ) ।

१५. रक्तसंचार केन्द- नेपाल रेडक्रस सोसाइटि जिल्ला शाखा म्याग्दी द्धारा संचालित ।

१६. एम्बुलेन्स सेवा ।

१७. खोप सेवा ( प्रत्येक महिनाको ४,१२,२० र २७ गते ) ।

१८. फार्मेसी सेवा (चौविसै घण्टा) ।

१९. पाठेघरको मुखको क्यानसर Screening (VIA) सेवा ।

२०. डाईलाईसिस सेवा ।

२१. सामाजिक सेवा ईकाइ मार्फत लक्षित बर्गलाई निशुल्क सेवा ।

२२. एकद्वार संकट व्यवस्थापन केन्द्र मार्फत लक्षित बर्गलाई निशुल्क सेवा ।

२३. स्वास्थ्य बिमा सेवा ।

२४. मेडिको लिगल सेवा, पोष्टमाटर्म सेवा ।

२५. नेपाल सरकारबाट सुचीकृत निः शुल्क औषधी वितरण सेवा ।

२६. Anomaly Scan सेवा ।

Ph no: 069521186
Email-benihospital.adm@gmail.com

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

# प्रदेश अस्पताल

बेनी, म्याग्दी, नेपाल

प.सं.:-२०८२/०८३
च.नं.:-

मिति:- २०८२-१२-२७
ने.सं.:- ११४६ चौलागा ७, शुक्रवार

## विषयः कार्यालय समय परिवर्तन भएको सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा नेपाल सरकारको मिति २०८२ साल चैत्र २२ गतेको राजपत्रमा प्रकाशित शनिवार र आइतवार बिदा दिने सम्बन्धी सूचनानुसार विरामीको सेवालाई मध्यनजर राख्दै यस अस्पतालबाट प्रवाह गरिने सेवाहरु तपशिल वमोजिम सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका गराईन्छ ।

तपशिल

| क्र.सं. | सेवाको किसिम | समय | कैफियत |
|---|---|---|---|
| १ | टिकट | १. विहान ६:०० वजेदेखि वेलुका ६:०० वजे सम्म<br>२. विदाको दिन विहान ६:०० वजेदेखि दिउसों १:०० वजे सम्म | |
| २ | वहिरंग सेवा-जनरल ओ.पी.डी. | १. विहान ७:०० वजेदेखि वेलुका ७:०० वजे सम्म<br>२. विदाको दिन विहान ७:०० वजेदेखि दिउसों २:०० वजे सम्म<br>(खाजा खाने समय ११:०० देखि ११:३० सम्म) | |
| ३ | वहिरंग सेवा-विशेषज्ञ ओ.पी.डी. | १. विहान १०:०० बजे देखि वेलुका ४:०० वजे सम्म<br>(सार्वजानिक विदाको दिन बन्द रहने) | १.स्त्री रोग तथा प्रसुती<br>२.वालरोग |
| ४ | वहिरंग सेवा-विशेषज्ञ ओ.पी.डी. | १. विहान ९:०० वजे देखि वेलुका ५:०० वजे सम्म<br>(सार्वजानिक विदाको दिन वन्द रहने) | १.हाडजोर्नी सेवा<br>२.सर्जरी<br>३.मानसिक<br>४.अन्य सेवा । |
| ५ | आकस्मिक सेवा (Emergency), अन्तरंग सेवा(indoor), प्रसुती सेवा, फार्मेसी सेवा, प्रयोगशाला सेवा(Lab), एक्सरे सेवा | २४ सैं घण्टा उपलब्ध | |
| ६ | कार्यालय समय | विहान ९:०० वजेदेखि वेलुका ५:०० वजे सम्म | सार्वजानिक विदा बाहेक |

अस्पताल प्राशासन
प्रदेश अस्पताल, बेनी, म्याग्दी ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
बेनी नेपाल

## ५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

**<u>क. बहिरङ्ग सेवा ( OPD शाखा )</u> :- डा. रामु सापकोटा (मेडिकल अधिकृत)**

**१. जनरल ओ पि डी बिस्तारित सेवा (बिहान ७ बजे देखि बेलुका ७ बजे सम्म )**

**२. विशेषज्ञ ओ. पि. डी. सेवा**

- स्त्री तथा प्रसुती रोग,
- बालरोग सेवा,
- हार्डजोनी रोग,
- मानसिक रोग,
- सामान्य आँखा जाँच तथा उपचार सेवा,
- नसर्ने रोगहरुको नियमित रुपमा परिक्षण तथा परामर्श,
- विरामीको उपचार ल्याव जाँच तथा परामर्श सेवा साथै आवश्यकता अनुसार प्रेषण ।

**३. फिजियोथेरापी सेवा**

- बिरामीलाइ गुणस्तरिय उपचार र परामर्श,
- बिरामीलाइ Therapeutic modalities द्वारा उपचार गर्ने,
- वार्डमा भएका आवश्यक बिरामीलाइ Bed Mobilization, Chest Physiotherapy सेवा,
- आवश्यकता अनुसार बिरामीलाइ व्यायाम (Exercise) ।

**४. ECG, X-Ray and Dressing सेवा ।**

**५. सामाजिक सेवा इकाइ (हरि सुबेदी - फिजियोथेरापिष्ट)**

- वेवारिसे, असहाय, सहारा विहिन, अशक्त एवम् अपाङ्गता विरामीको लागि वडाको सिफारिसमा निशुल्क ल्याब परिक्षण, उपचार तथा आवश्यकता अनुसारको निशुल्क प्रेषण ।

**<u>ख. अन्तरङ्ग विभाग</u> :-**

**१.प्रसुति विभाग (डा. हेमन्त बाँस्तोला - कन्सल्टेण्ट जर्नालिष्ट,**
**मनदेवी गौतम - बरिष्ठ अस्पताल नर्सिङ्ग निरीक्षक)**

- सामान्य तथा जटिल प्रसुती तथा नवजात शिशु उपचार,
- प्रसुति प्रतिक्षा गृह - जोखिमपुर्ण गर्भवती महिलाहरुको लागि निः शुल्क आवास र खानाको व्यवस्था ।

**२. सर्जरी विभाग (डा. हेमन्त बाँस्तोला - कन्सल्टेण्ट जनरलिष्ट)**

- सर्जरी गरेका बिरामीको भर्ना तथा उपचार,
- हाड जोर्नी सम्बन्धी भर्ना तथा उपचार,

**३. बालरोग विभाग (डा. प्रविण पौडेल - कन्सल्टेण्ट पेडियाट्रि**

- बालरोग सम्बन्धी भर्ना तथा उपचार ।

**४. स्त्री रोग विभाग (डा. हेमन्त बाँस्तोला - कन्सल्टेण्ट जर्नालिष्ट,**
**मनदेवी गौतम - बरिष्ठ अस्पताल नर्सिङ्ग निरीक्षक)**

- स्त्रीरोग सम्बन्धी भर्ना तथा उपचार ।

**५. मेडिकल विभाग (डा. हेमन्त बाँस्तोला - कन्सल्टेण्ट जर्नालिष्ट,**
**मनदेवी गौतम - बरिष्ठ अस्पताल नर्सिङ्ग निरीक्षक)**

- सर्ने/नसर्ने सबै खालका रोगका विरामीको भर्ना तथा उपचार,
- जेष्ठ नागरिक विरामीहरुको भर्ना गरी उपचार,
- बिरामीहरुको Isolation Ward मा भर्ना गरी उपचार,
- मानसिक रोग सँग सम्बन्धित भर्ना तथा उपचार,
- मनोसामाजिक परामर्श सेवा ।

**६. सुरक्षित गर्भपतन सेवा (डा. हेमन्त बाँस्तोला - कन्सल्टेण्ट जर्नालिष्ट,**
**मनदेवी गौतम - बरिष्ठ अस्पताल नर्सिङ्ग निरीक्षक )**

- १२ हप्ता सम्मको सुरक्षित गर्भपतन सेवा ।

**७. डायलाइसिस विभाग (डा. हेमन्त बाँस्तोला - कन्सल्टेण्ट जर्नालिष्ट,**
**मनदेवी गौतम - बरिष्ठ अस्पताल नर्सिङ्ग निरीक्षक)**

- डाइलाइसिस गर्नुपर्ने विरामीलाई नियमित डाइलाइसिस सेवा,
- Emergency डाइलाइसिस सेवा,
- मृगौला सम्बन्धी बिरामीलाइ पोषण सम्बन्धी परामर्श ।

**८. Special Neonatal Care Unit (डा. प्रविण पौड्याल - कन्सल्टेण्ट पेडियाट्रिसियन,**
**मनदेवी गौतम - बरिष्ठ अस्पताल नर्सिङ्ग निरीक्षक)**

- नवजात शिशुको भर्ना तथा उपचार
- फोटोथेरापी सहितको नवजात शिशुको विशेष उपचार

**<u>ग. अपरेशन शाखा :-</u> (डा. प्रतिक आचार्य - कन्सल्टेण्ट अर्थोपेडिक सर्जन,**
**संदिप कुमार यादव - एनेस्थेसिया असिष्टेण्ट )**

१. **अर्थोपेडिक सर्जरी (डा. प्रतिक आचार्य - कन्सल्टेण्ट अर्थोपेडिक सर्जन)**

- हाडजोर्नी सम्बन्धी अपरेशन

२. **जनरल सर्जरी (डा. हेमन्त बाँस्तोला - कन्सल्टेण्ट जर्नालिष्ट)**

- सामान्य तथा जटिल प्रकारका अपरेशनहरु

**<u>घ. प्रयोगशाला शाखा</u> :- (दिपा के.सी. - मेडिकल ल्याब टेक्नोलोजिष्ट)**

- प्रयोगशाला सेवाहरु (Microbiology, biochemistry, Hematology) चौविसै घण्टा ।

**Microbiology**

- Culture and Sensitivity of Sputum, Urine, Stool and Body Fluid.
- Gram Stain and AFB.

**Biochemistry**

- Routine Testing (FBS, PPBS, RFT etc).
- Special Test ( TFT).

**Hematology**

- CBC, ESR, Blood Grouping, Malaria, Dengue, Scrub Serology.
- HIV, HCV, HBsAg Serology.

**Parasitology**

- Physical and Microscopic Examination of Urine, Stool for occult blood.
- H- Pylori Serology.

## ङ.मातृ तथा बाल स्वास्थ्य (सुरक्षित मातृत्व) क्लिनिक :- (रुविना थापा - सि.अ.न.मि)

- प्रसुती जाँच, परिवार नियोजन सेवा, पाठेघरको मुखको क्यान्सर जाँच तथा परामर्श सेवा,
- स्तनपान गराउने तरिका साथै स्तन स्याहार परामर्श सेवा,
- Birth Preparedness and complication readiness ( जन्मको तयारी र जटिलता तत्परता) सम्बन्धी परामर्श ।

## च.आकस्मिक कक्ष :- (डा. रामु सापकोटा - मेडिकल अधिकृत र विनय सुनार - हे.अ)

- इमेर्जेन्सी सेवा,
- बिरामीहरुको Triage गरी जाँच, उपचार भर्ना एवम् प्रेषण,
- Minor Procedure, Suturing, Dressing गर्ने,
- Slab, Cast लगायत अन्य Emergency Procedure,
- Anti Rabies Vaccine (ARV),
- Disaster, Mass casualty Management. ।

## छ.फार्मेसी तथा डिस्पेन्सरी शाखा : (प्रतिभा शर्मा -फार्मेसी अधिकृत)

- स्वास्थ विमामा भएको औषधी उपलब्ध गराउने तथा औषधिको प्रयोग सम्बन्धी जानकारी संगसगै परामर्श ।
- औषधिहरुको मौज्दात २-३ महिनालाई पुग्ने गरी भण्डारण ।
- म्याद नाघेका औषधिहरुको उचित व्यबथापन ।
- तामक्रम व्यवस्थापन गरी औषधीहरुको भण्डारण ।
- बार्षिक खपतको आधारमा औषधीको खरिद गरी पूर्ति ।
- नेपाल सरकार तथा प्रदेश सरकारले तोके बमोजिम नियमित रुपमा निशुल्क औषधी वितरण ।

**ज. एकद्वार संकट व्यबस्थापन केन्द्र (OCMC)** : (डा. रामु सापकोटा - मेडिकल अधिकृत)
(मनदेवी गौतम - बरिष्ठ अस्पताल नर्सिङ्ग निरीक्षक)

- निशुल्क जाँच, उपचार तथा मनोवैज्ञानिक परामर्श सेवा ।
- निशुल्क कानुनी परामर्श तथा सहायता ।
- बिभिन्न किसिमका लैङगिक हिंसा पहिचान गर्ने, मामिला व्यवस्थापन,समन्वय, निशुल्क प्रेषण ।

**झ. प्रशासन शाखा : (निर्पराज खनाल - बरिष्ठ प्रशासन सहायक)**

- कार्यालयबाट हुने पत्राचार सम्बन्धी सम्पूर्ण कार्य,
- हाजिर/काज/विदा तथा अभिलेख सम्बन्धी कार्य,
- गुनासो पेटिका सम्बन्धी कार्य,
- तोकिए बमोजिमको दैनिक प्रशासनिक कार्य ।

**ञ. पोष्टमोटर्म सेवा : (डा. रामु सापकोटा - मेडिकल अधिकृत)**

- दैनिक विहान ९-४ बजे सम्म पोष्टमोटर्म सेवा ।

## ट. संक्रमण रोकथाम तथा उपयुक्त अस्पताल जन्य फोहोरमैला ब्यवस्थापन :-

- फोहोरको प्रकृति अनुसार व्यवस्थापन,
- संक्रमित फोहोरको Autoclave गरी उचित व्यवस्थापन ।

## ठ. अन्य सेवा

- अक्सिजन सिलिण्डर हरुको Refilling ।
- Blood Bank सेवा ।

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधी**

- नागरिक वडापत्र बमोजिम हुनेछ ।

# नागरिक वडापत्र

# प्रदेश अस्पताल,बेनी,म्याग्दी

| क्रस. | सेवा सुबिधाहरुको विवरण | समय | स्थान | लाग्ने शुल्क | जिम्मेवार सेवा प्रदायक | गुनासो सुन्ने अधिकारी | अन्तिम गुनासो सुन्ने अधिकारीकारबाही / उठाउने | कोठा नम्बर |
|---|---|---|---|---|---|---|---|---|
| १ | नाम दर्ता तथा नगद काउन्टर सेवा | हरेक दिन विहान ७ बजे देखि बेलुका ७ बजे सम्म र काउन्टर सेवा २४ सै घण्टा | नाम दर्ता तथा नगद काउन्टर | सेवा अनुसार | काउन्टर सहायक | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-B-01 |
| २ | स्वास्थ्य विमा कार्यक्रम | २४ सै घण्टा | फार्मेसी शाखा/विमा क्लेम शाखा | लागत अनुसार | फार्मेसी सुपरभाइजर सहायक/ फार्मेसी निरीक्षक | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-B-02 |
| ३ | **इमर्जेन्सी सेवा** | | | | | | | |
| ३.१ | इमर्जेन्सी टिकट | २४ सै घण्टा, | इमर्जेन्सी बिभाग | रू ५० | अ.हे.व./हे.अ./मेडिकल अधिकृत | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-A-03 |
| ३.२ | इमर्जेन्सी भित्रका बिबिध सेवाहरु | २४ सै घण्टा | इमर्जेन्सी बिभाग | नि शुल्क देखि ५०० सम्म | अ.हे.व./हे.अ./मेडिकल अधिकृत | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | |
| ४ | **ड्रेसिंग सुचरिंग / प्लास्टर सेवा** | | | | | | | |
| ४.१ | ड्रेसिङ्ग र प्लास्टर | हरेक दिन विहान ७ बजे देखि बेलुका ७ बजे सम्म सार्वजानिक विदामा समेत | ड्रेसिङ्ग कक्ष | रू १०० देखि ६०० सम्म | अ.हे.व./हे.अ./मेडिकल अधिकृत | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-A-06A |
| ५ | **बहिरङ्ग ओ.पि.डि सेवा** | | | | | | | |
| ५.१ | जनरल ओ.पि.डि सेवा | हरेक दिन विहान ७ बजे देखि बेलुका ७ बजे सम्म सार्वजानिक विदामा समेत | ओ.पि.डी शाखा | रू २५ | अ.हे.व./हे.अ./मेडिकल अधिकृत | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-B-12 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५.२ | बाल रोग ओ.पि.डि सेवा | बिदाको दिन बाहेक हरेक दिन बिहान १० बजे देखि ४ बजे सम्म | ओ.पि.डि कक्ष | रू २५ | मेडिकल अधिकृत/कन्सल्टेण्ट सर्जन | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-B-04 |
| ५.३ | स्त्री तथा प्रसुती ओ.पि.डि सेवा | | ओ.पि.डि कक्ष | रू २५ | क. मेडिकल जनरलिष्ट/क. गाइनेक्लोजिष्ट | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-B-05 |
| ५.४ | जेरियट्रिक ओ.पि.डि सेवा | बिदाको दिन बाहेक हरेक दिन बिहान ९ बजे देखि ५ बजे सम्म | ओ.पि.डि कक्ष | रू २५ | मेडिकल अधिकृत/कन्सल्टेण्ट फिजिसियन | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-B-12 |
| ५.५ | साइक्याट्रिक ओ.पि.डि सेवा | | ओ.पि.डि कक्ष | रू २५ | कन्सल्टेण्ट साइक्याट्रिष्ट | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-B-01 |
| ५.६ | आर्थोपेडिक ओ.पि.डि सेवा | | अर्थोपेडिक ओ.पि.डि कक्ष | रू २५ | आर्थोपेडिक्स सर्जन | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-B-11 |
| ५.७ | डेन्टल ओ.पि.डि सेवा | | दन्त ओ.पि.डि कक्ष | रू २५ | डेन्टल सर्जन/ डेन्टल हाईजेनिष्ट | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | F-A-04 |
| ५.८ | RCT Anterior and posterior ,Scaling ,Extraction etc. | बिदाको दिन बाहेक हरेक दिन बिहान ९ बजे देखि ५ बजे सम्म | | सेवा अनुसार रू २५०० देखि ३००० सम्म | डेन्टल सर्जन/ डेन्टल हाईजेनिष्ट | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | |
| ५.९ | एक्स रे सेवा- (दन्त रोग) | | | रू १५० | डेन्टल सर्जन डेन्टल / हाइजेनिष्ट | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | |
| ५.१० | आँखा ओ.पि.डि सेवा | | ओ.पि.डि कक्ष | रू २५ | नेत्र सहायक | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-B-03 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५.११ | फिजियोथेरापी शाखा | बिदाको दिन बाहेक हरेक दिन बिहान ९ बजे देखि ५ बजे सम्म | ओ.पि.डि कक्ष | रू २५ | फिजियेथेरापिष्ट/फिजियोथेरापी सहायक | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | पुरानो भवन |
| ६ | **मातृशिशु सेवा** | | | | | | | |
| ६.१ | भि. आइ. ए. सेवा | बिदाको दिन बाहेक हरेक दिन बिहान ९ बजे देखि ५ बजे सम्म | MCH Clinic | नि शुल्क | तालिम प्राप्त नर्सिङ स्टाफ | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-B-07 |
| ६.२ | प्रसुती जाँच परामर्श , | बिदाको दिन बाहेक हरेक दिन बिहान ९ बजे देखि ५ बजे सम्म | | नि शुल्क | तालिम प्राप्त नर्सिङ स्टाफ | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-B-06 |
| ७ | **अन्तरंग बिभाग** | | | | | | | |
| ७.१ | सामान्य प्रसुति सेवा र जटिल प्रसुती सेवा , शल्यक्रिया सेवा | २४ सै घण्टा | प्रसुति वार्ड, डेलिभरी, अपरेशन थियटर | नि शुल्क | अव्स गाइनेक्लोजिष्ट , नर्सिङ स्टाफ शाखा प्रमुख | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | Maternity and Operation Block |
| ७.२ | सुरक्षित गर्भपतन सेवा | बिदाको दिन बाहेक हरेक दिन बिहान ९ बजे देखि ५ बजे सम्म | सुरक्षित गर्भपतन सेवा | नि शुल्क | क.गाइनेकोलोजिष्ट, एम.डि.जि.पि. र तालिम प्राप्त स्टाफ नर्स | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | |
| ७.३ | प्याक सेवा (जटिल गर्भपतन सेवा) | २४ सै घण्टा | प्रसुती वार्ड | नि शुल्क | क.गाइनेकोलोजिष्ट, एम.डि.जि.पि. र तालिम प्राप्त स्टाफ नर्स, | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | |
| ७.४ | बिरामी भर्ना तथा उपचार | २४ सै घण्टा | मेडिकल वार्ड, सर्जिकल वार्ड, प्रसुति वार्ड, पेडियाट्रिक वार्ड, Sick Newborn Care Unit | नि शुल्क | गाइनेकोलोजिष्ट, एम.डि.जि.पि. र तालिम प्राप्त स्टाफ नर्स, | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | सम्बन्धित वार्ड |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७.५ | प्रसुती सेवाग्राहीका लागि प्रोत्साहन भत्ता वितरण | हरेक दिन | प्रसुति वार्ड | नियमानुसार | प्रसुति वार्ड ईन्चार्ज | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | Maternity Block |
| ८ | **डिजिटल एक्सरे सेवा सम्बन्धी** | | | | | | | |
| ८.१ | डिजिटल एक्सरे - सेवा | २४ सै घण्टा | रेडियोलोजी बिभाग | रू ४०० देखि ७०० सम्म | रेडियोग्राफर | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | X-Ray Block |
| ८.२ | भिडियो एक्सरे - सेवा | बिदाको दिन बाहेक हरेक दिन बिहान ९ बजे देखि ५ बजे सम्म | USG शाखा | रू ५०० | कन्सल्टेण्ट मेडिकल जनरलिष्ट / मेडिकल अधिकृत | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-A-06B |
| ८.३ | इ.सि.जि. सेवा | २४ सै घण्टा | इमर्जेन्सी बिभाग , जनरल वार्ड | रू २०० | मेडिकल अधिकृत / स्टाफ नर्स/ अ.हे.व. | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-A-06A |
| ९ | **फार्मेसी सेवा तथा नि.शुल्क औषधी वितरण सम्बन्धी** | | | | | | | |
| ९.१ | निशुल्क औषधि . वितरण सेवा | हरेक दिन विहान ७ बजे देखि बेलुका ७ बजे सम्म | डिस्पेन्सरी | नि शुल्क | फार्मेसी सहायक/ अ.हे.व. | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-B-13 |
| ९.२ | फार्मेसी सेवा | २४ सै घण्टा | अस्पताल फार्मेसी | औषधिको लागत अनुसार | फार्मेसी सुपरभाइजर/ फार्मेसी सहायक | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-A-07 |
| १० | **ल्याब सेवा सम्बन्धि** | | | | | | | |
| १०.११ | ल्याब सेवा | २४ सै घण्टा | ल्याब | प्रयोगशाला जांच अनुसार रू ५० देखि ९०० सम्म | ल्याब टेक्नोलोजिष्ट/ ल्याब टेक्निसियन, / ल्याब असिस्टेन्ट | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | ल्याब ब्लक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | **शल्यकृया सम्बन्धि** | | | | | | | |
| ११.१ | मेजर ओटी सेवा. | अत्यावश्यक शल्यक्रिया बाहेक हरेक दिन विहान ९ बजे देखि ५ बजे सम्म र इमेर्जेन्सी २४ सै घण्टा | अपरेसन थिएटर | ग्रुप १-१२००० ग्रुप २-१०००० ग्रुप ३-८००० | अर्थोपेडिक सर्जन/कन्सलेटेण्ट गाइनेक्लोजिष्ट/ कन्सल्टेण्ट सर्जन/क.जनरलिष्ट/एनेस्थेसियालोजिष्ट | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | ओ.टी. ब्लक |
| ११.२ | माइनर ओटी सेवा. | अत्यावश्यक शल्यक्रिया बाहेक हरेक दिन विहान १० बजे देखि ५ बजे सम्म शुक्रबार ३ बजे सम्म र इमेर्जेन्सी २४ सै घण्टा | अपरेसन थिएटर | ग्रुप १-२५०० ग्रुप २-२००० ग्रुप ३-१५०० ग्रुप ४-१००० | अर्थोपेडिक सर्जन/कन्सलेटेण्ट गाइनेक्लोजिष्ट/ कन्सल्टेण्ट सर्जन/क.जनरलिष्ट/एनेस्थेसियालोजिष्ट | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | ओ.टी. ब्लक |
| ११.३ | इमर्जेन्सी ओटी सेवा. | २४ सै घण्टा | अपरेसन थिएटर | निशुल्क तथा रू ८००० देखि १२००० सम्म | | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | |
| १२ | **अन्य सेवा** | | | | | | | |
| १२.१ | हेमोडायलाइसिस सेवा | हरेक दिन विहान ७ बजे देखि बेलुका १० बजे सम्म (३ सिफ्ट) | डायलाइसिस शाखा | नि शुल्क | मेडिकल अधिकृत/स्टाफ नर्स | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | हेमोडायलाईसिस ब्लक |
| १२.२ | निरोगिताको प्रमाण पत्र | बिदाको दिन बाहेक हरेक दिन बिहान ९ बजे देखि ५ बजे सम्म | प्रशासन शाखा | रू ४०० | बरिष्ठ प्रशासन सहायक/ कम्प्युटर अपरेटर | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | S-08 |
| १२.३ | ए.आर.टी र डट्स सेवा | बिदाको दिन बाहेक हरेक दिन बिहान ९ बजे देखि ५ बजे सम्म | ए.आर.टी शाखा | नि शुल्क | ए आर टि काउन्सेलर | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | ए.आर.टि शाखा |
| १२.४ | एकद्वार संकट व्यबस्थापन केन्द्र | २४ सै घण्टा | ओ.सि.एम.सि शाखा | नि शुल्क | प्रहरी/स्टाफ नर्स / मडिकल अधिकृत | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | ओ.शि.एम.सि.ब्लक |
| १२.५ | सामाजिक सेबा इकाइ | हरेक दिन विहान ७ बजे देखि बेलुका ७ बजे सम्म र काउन्टर सेवा २४ सै घण्टा | सामाजिक सेबा इकाइ | नि शुल्क | सामाजिक सेवा इकाइ प्रमुख/अ.हे.व | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | G-B-13 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२.६ | पोस्टमार्टम सेवा | बिदाको दिन बाहेक हरेक दिन बिहान ९ बजे देखि ५ बजे सम्म | पोस्टमार्टम घर | नि शुल्क | मडिकल अधिकृत र प्रहरी/ हवल्दार | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | पोष्टमोटर्म ब्लक |
| १२.७ | मर्चरी चेम्बर | २४ सै घण्टा | मर्चरी | रु १००० प्रतिदिन | मडिकल अधिकृत र प्रहरी/हवल्दार | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | |
| १२.८ | प्रशासनिक सेवा/ आर्थिक सेवा | बिदाको दिन बाहेक हरेक दिन बिहान ९ बजे देखि ५ बजे सम्म | प्रशासन/लेखा शाखा | नि शुल्क | वरिष्ठ प्रशासन सहायक/वरिष्ठ लेखा सहायक र कम्प्युटर अपरेटर | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | S-08 |
| १२.९ | तथ्यांक सेवा | बिदाको दिन बाहेक हरेक दिन बिहान ९ बजे देखि ५ बजे सम्म | मेडिकल रेकर्ड शाखा | नि शुल्क | मेडिकल रेकर्डर सुपरभाइजर | सूचना अधिकारी / शाखा प्रमुख | कार्यालय प्रमुख | S-07 |

**नोट : शाखा प्रमुख भन्नाले सम्बन्धित शाखाको शाखा प्रमुख लाई बुझिनेछ र स्वास्थ्य बिमाको हकमा स्वास्थ्य बिमाको नियमानुसार शुल्क लाग्नेछ ।**

Government of Gandaki Province
Ministry of Health

# PROVINCE HOSPITAL

Beni, Myagdi



## Hospital Disease Surveillance Committee( HDSC)

| S.N. | Position | Role | Name | Email | Contact Number |
|---|---|---|---|---|---|
| 1 | Hospital Chief | Chairperson | DR. Hemanta Banstola | h.banstola@gmail.com | 9857623188 |
| 2 | Emergency In-charge | Member | Binay Sunar | binaysunar770@gmail.com | 9867821005 |
| 3 | Nursing Chief | Member | Mandevi Gautam | mandevigautam41@gmail.com | 9857677194 |
| 4 | Designated Representative from OPD Department | Member | Dr. Ramu Sapkota | ramu111rs1@gmail.com | 9863493758 |
| 5 | Laboratory In-charge | Member | Yam Bahdur Thapamagar | yam.thapa1826@gmail.com | 9857625603 |
| 6 | District/Local RRT ( Designated Representative from District) | Member | Min Raj Neupane | minraj.neupane63@gmail.com | 9840929618 |
| 7 | EWARS Focal Person | Member Secretary | Bhimraj Budha | budhabhimraj555@gmail.com | 9866948181 |

## प्रदेश अस्पताल, बेनी, म्याग्दीको न्युनतम सेवा मापदण्डको पछिल्लो तीन Follow-up को प्राप्ताङ्क

| Time | Score |
|---|---|
| 2079/80 | 86% |
| 2080/81 | 82% |
| 2081/82(Jestha) | 77% |
| 2082/83(Baishakh ) | 91% |


स्थानीय स्तरमा चिकित्सा सेवा
विस्तार कार्यक्रम


स्थानीय स्तरमा चिकित्सा सेवा
विस्तार कार्यक्रम
प्रदेश अस्पताल
moto g86 power 5G

# विशेष रुपमा शाखा प्रमुखको जिम्मेवारी

**यस प्रदेश अस्पताल, बेनी, म्याग्दीको शाखा प्रमुखको तपशिलको कार्य विवरण सहित जिम्मेवारी तोक्ने व्यवस्था गरिएको ।**

१. शाखामा कार्यरत कर्मचारीहरुको ड्यिुटी रोष्टर बनाई समयमै कार्यालय प्रमुखबाट प्रमाणित गराउने ।

२. ड्यिुटी रोष्टर अनुसार कर्मचारीहरुलाई कामकाजमा खटाउने र नियमित रुपमा अनुगमन गर्ने ।

३. शाखाका कर्मचारीहरुलाई सहायक जिम्मेवारी तोक्ने र त्यसको नियमित अनुमन गरी प्रगति प्रतिवेदन पेश गर्ने ।

४. हरेक महिनामा आफ्नो शाखाको एक पटक आन्तरिक बैठक राखी सोको माइन्युटको प्रतिलिपि अस्पताल प्रशासन शाखामा पठाउने ।

५. शाखाको समग्र व्यवस्थापनको लागि नेतृत्वदायी भुमिका निर्वाह गर्ने तथा सो सम्बन्धि आवश्यक सामाग्री तथा उपकरणको व्यवस्थापनको लागि अस्पताल प्रशासन सगँ समन्वय गर्ने ।

७. उपलब्ध गराइएको सेवा सम्पादित कार्यहरुको EMR तथा Manual रेर्कड/प्रतिवेदन राख्ने तथा राख्न मातहतका कर्मचारीहरुलाई लगाउने तथा नियमित रुपमा Record Maintain गर्ने गराउने र प्रशासन शाखामा प्रतिवेदन बुझाउने ।

८. CME/CPD लगायत अन्य स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुमा सहभागी हुने तथा मातहतका कर्मचारीहरुलाई जानकारी गराई सहभागी गराउने ।

९. सेवा उपलब्ध गराउन टिममा सहयोग तथा समन्वय गर्ने ।

१०. आफ्नो शाखा तथा कार्यालयको चल-अचल सम्पतिको संरक्षण तथा सम्भार गर्ने ।

११. विपद्, प्रकोप-महामारी,आकस्मिक दुर्घटनाबाट ठुलो संख्यामा विरामीहरु /घाइतेहरुको उपचार गर्नुपर्ने अवस्थामा कर्मचारी व्यवस्थापनमा सहयोग गर्ने ।

१२. ड्रेस र परिचय पत्रका साथ ड्यिुटी समयमा आफ्नो कार्यस्थलमा अनिवार्य उपस्थिति हुने र मातहतका कर्मचारीहरुलाई पनि अनिवार्य गर्ने गराउने ।

१३. अभिलेख / अभिलेख व्यवस्थापन नियमित रुपमा गर्ने ।

१४.आकस्मिक अवस्थामा बाहेक विदा लिदाँ ७ दिन अगाडि विदाको सिफरिस गरी विदाको स्वीकृतीको लागि सम्बन्धित कर्मचारीलाई कार्यालय प्रमुख समक्ष पठाउने ।

१५. सरसफाईलाई प्रमुख प्रथामिकता राखी सरसफाई सगँ सम्बन्धित कर्मचारी र कार्यालय सहयोगीहरु सगँ समन्वय गर्ने ।

१६.सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गरी सेवा विस्तार गर्ने।

१७.बिरामीको स्वास्थ्य सम्बन्धी व्यक्तिगत विवरणहरूको गोपनीयता जोगाउने।

१८.सेवा प्रवाह सुधारका लागि आवश्यक जनशक्ति, प्रविधि, तथा उपकरणहरूको व्यवस्थापन गर्ने।

१९.वित्तीय पारदर्शिता सुनिश्चित गर्न बिलिङ प्रणाली प्रभावकारी बनाउने।

२०.तपाईलाई शाखा प्रमुख तोकिएको शाखामा रहेका खर्च भएर जाने /नजाने अस्पतालका सार्वजानिक सम्पत्तिहरुको रेखदेख गर्ने तथा सम्पत्तिहरुलाई अद्यावधिक राख्ने र मर्मत गर्ने अवस्थामा रहेका सामाग्रीको विषयमा भण्डार प्रमुख/अस्पताल प्रमुख लाई जानकारी गराउने ।

२१. विभागबाट दैनिक रुपमा निस्कने संक्रामक जन्य फोहोरमैलाको निर्देशिका अनुसार उचित व्यवस्थापन गर्ने तथा गर्न निर्देशन दिने साथै संक्रमण रोकथाम सम्बन्धी निर्देशिका पालना भएको/नभएको अनुगमन तथा सुपरिवेक्षण गर्ने

२२. बिरामी तथा बिरामीको अभिभावकलाई आवश्कता अनुसार स्वास्थ्य शिक्षा गर्ने तथा गर्न लगाउने ।

२३..अस्पताल प्रशासनबाट समय समयमा तोकिएका अन्य कार्य जिम्मेवारीहरु गर्ने गराउने ।

२४.न्युनतम सेवा मापदण्ड निर्देशिका अनुसार आफ्नो विभागमा हुनुपर्ने सबै व्यवस्था मिलाउने ।

**नोट : यसै बमोजिम हरेक शाखा प्रमुखलाई सम्बन्धित शाखाको जिम्मेवारी तोकी अनुगमन गर्ने गरिएको ।**

## ७. सुचना अधिकारी र गुनासो सुन्ने अधिकारी / प्रमुखको नाम र पद

गुनासो सुन्ने अधिकारी : डा. हेमन्त बाँस्तोला (नि.प्रमुख मेडिकल सुपरिटेन्डेण्ट) ९८५७६२३१८८

सुचना अधिकारी : झरना श्रेष्ठ (अस्पताल नर्सिङ निरीक्षक) ९८५७६७७१९८

## ८. सम्पादन गरेको कामको बिवरण

- मिति २०८३/०१/२७ गते अस्पतालको सामाजिक परिक्षण प्रतिवेदन प्रस्तुतिकरण साथै सार्वजानिक सुनुवाई कार्यक्रम सम्पन्न,
- मिति २०८३ जेष्ठ महिनामा Hospital Disaster Drill र Mock Drill कार्यक्रम जिल्ला स्थित कार्यालयको समन्वयमा सम्पन्न ।
- अस्पतालमा विद्युतिय स्वास्थ्य परिक्षण (EMR System) लागु गरिएको,
- गुनासो व्यवस्थापन कार्यलाई चुस्तदुरुस्त पारिएको,
- स्थानिय स्तरमा चिकित्सा सेवा विस्तारको लागि कार्यक्रम सञ्चालन गरिएको,
- डायलाइसिस सेवा विस्तार गरी ३ सिफ्टमा सञ्चालन गरि हेमोडायलाईसिस सेवामा ३ वटा वेड थप गरी विस्तार गरिएको,
- अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई आधारभुत जिवन बचाउने तालिम (BLS) प्रदान गरिएको,
- अस्पतालमा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्त संचार सेवा, न्यानो झोला सुरक्षित तथा निशुल्क गर्भपतन र नवजात शिशुको निःशुल्क उपचार कार्यक्रम निरन्तरता,

- प्रत्येक महिनाको पहिलो र तेस्रो शनिवार विशेषज्ञ चिकित्सकद्धारा Anomaly Scan सेवा गर्ने गरिएको,
- CME र CPD कार्यक्रमहरुको निरन्तरता,
- विस्तारित ओपिडि सेवालाई निरन्तरता दिइएको,
- स्वाथ्यजन्य फोहोर व्यवस्थापनको कार्य प्रभावकारी रुपमा अघि बढाईएको,
- अस्पतालबाट प्रवाह भएका सेवाहरुको तथ्याकको व्यवस्थापन गरिएको,
- अस्पताल व्यवस्थापन संचालन समिति द्धारा अस्पतालको कार्य सञ्चालन,
- स्वीकृत कार्यक्रमहरु संचालन हुने क्रम जारि,
- Neonatal Congenital Screening,
- विशेषज्ञ सेवा संचालन (मेडिकल, सर्जिकल तथा स्त्री रोग विशेषज्ञ/बालरोग विशेषज्ञ/हाडजोर्नी विशेषज्ञ) ।

## यस प्रदेश अस्पताल, बेनी, म्याग्दीबाट गत तिन महिना (बैशाख, जेष्ठ र आषाढ, २०८३) मा प्रवाह भएका सेवाहरुको विवरण

| Services of Last Trimester (Baishakh, 2083 - Ashadh, 2083) | | | | |
|---|---|---|---|---|
| S.N | SERVICES | TOTAL | | |
| | | Baishakh | Jestha | Ashadh |
| 1 | *Total number of OPD Services* | 6912 | 7696 | 7340 |
| 2 | *Emergency Services* | 674 | 880 | 921 |
| 3 | *Total Lab Services (Person Wise)* | 2601 | 3000 | 2747 |
| 4 | *Total No. of USG* | 865 | 906 | 967 |
| 5 | *Total No. of X-ray* | 1696 | 1722 | 1428 |
| 6 | *Total No. of ECG* | 458 | 418 | 446 |
| 7 | *Dialysis (Session)* | 346 | 330 | 359 |
| 8 | *Inpatients Admitted* | 178 | 214 | 188 |
| 9 | *Total No. of delivery* | 33 | 29 | 38 |
| 10 | *Normal Delivery* | 24 | 17 | 23 |
| 11 | *Caesarian Section* | 8 | 11 | 14 |

| | | | | |
|---|---|---|---|---|
| 12 | *Vacuum* | 1 | 1 | 1 |
| 13 | *Total procedure* | 123 | 169 | 130 |
| 14 | *ON ART* | 95 | 96 | 96 |
| 15 | *TB* | 1 | 0 | 1 |
| 16 | *Leprosy* | 3 | 3 | 3 |
| 17 | *Family Planning* | 42 | 31 | 36 |
| 18 | *PAC* | 5 | 6 | 4 |
| 19 | *Physiotherapy* | 99 | 98 | 114 |
| 20 | *Abortion Service* | 34 | 35 | 33 |
| 21 | *OCMC* | 4 | 6 | 5 |
| 22 | *Postmortem* | 7 | 2 | 15 |

# Delivery Services

| Delivery Services | 2079/80 | 2080/81 | 2081/82 | 2082/083 |
|---|---|---|---|---|
| Spontaneous | 511 | 273 | 286 | 205 |
| CS (Cesarean section) | 120 | 97 | 129 | 109 |
| Vacuum | 7 | 0 | 0 | 10 |
| Total | 638 | 370 | 415 | 324 |

## ९. ऐन, नियम र विनियम वा निर्देशिकाको सूची

- स्वास्थ्य सेवा ऐन २०५३, नियामावली २०७४
- सार्वजानिक खरिद ऐन २०६३, नियमावली २०६४
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन २०६६,
- आर्थिक कार्यविधि ऐन २०५५, नियमावली २०६४,
- नेपाल तथ्यांक ऐन २०१५ र प्रमाण ऐन २०३१,
- राष्ट्रिय स्वास्थ्य निति २०७४,
- विपन्न नागरिक औषधी निर्देशिका २०८०,
- न्युनतम सेवा मापदण्ड २०७५,
- सामाजिक सेवा इकाइ निर्देशिका २०७९,
- ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सन्चालन निर्देशिका २०७९,
- अस्पतालमा आधारित एकद्धार संकट व्यवस्थापन केन्द्र सन्चालन कार्यविधि २०६७,
- एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC) सुदृढिकरण राष्ट्रिय कार्ययोजना २०८२/८३-२०८६/८७
- MPDSR Guideline, २०७८
- Health Care Waste Management Guideline, २०२०
- अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२
- अस्पताल व्यवस्थापन समितिको आर्थिक कार्यविधि, २०८२




# Hospital Disaster Drill

# प्रदेश अस्पताल,बेनी,म्याग्दी

स्वास्थ्य नागरिक; समृद्ध नेपालको आधार